# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स. ०७७/७८

च.नं.

मिति: २०७८।०१।२३

**छत्रकोट गाउँपालिकाको अपिल ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरिएण्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण तिव्र रुपमा बढ्दै गईरहेकोले आर्थिक, सामाजिक, मानसिक, भौतिक क्षति राष्ट्रले व्यहोर्नु परेको अवस्था विद्यमान छ । भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरु आ-आफ्नो रणनीतिक योजना अनुसार संक्रमण रोकथामको कार्य गरिरहेको यहाँहरु सबैलाई विदितै छ । यस समयमा मानिसहरुको आवतजावत र चलहपल बढ्न गई संक्रमण थप फैलन सक्ने भएको हुँदा कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य सुरक्षाँ सर्तकता अपनाई रहनको लागि निम्नानुसार गर्नु गराउनुहुन सम्पूर्ण पालिकाबासीहरुमा अपिल गर्दछौं ।

**निम्न**

१. व्यक्ति-व्यक्ति विच कम्तीमा २ मिटरको भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, साबुन पानीले नियमित हात धुने, स्यानिटाईजरको प्रयोग गर्ने, सरसफाईमा विशेष ध्यान दिने लगायतका स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य रुपमा पालन गर्ने ।

२. विभिन्न भिडभाड हुने (धार्मिक कार्य, भेला, खेलकुद, मनोरञ्जनात्मक कार्यक्रम, गोष्ठी, अनावश्यक जमघट र भेटघाट ) जस्ता कार्यक्रमहरु नगर्ने/नगराउने ।

३. भारत लगायत अन्य देशहरु तथा संक्रमण फैलिएको जिल्लाहरुबाट आएका नागरिकहरु आफ्नो घरपरिवारसँग प्रत्यक्ष सम्पर्कमा नरहने गरी कम्तिमा १० दिन सम्म क्वारेन्टिनमा बस्ने ।

४. यदि संक्रमणको जस्तो सामान्य लक्षण देखिएका व्यक्तिहरुले घरमा छुट्टै आइसोलेटेड भएर बस्ने तथा ज्वरो आएमा सम्बन्धित स्वास्थ्य संस्थाहरुमा सम्पर्क गर्ने ।

५. महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि व्यक्ति, समुदाय, संघसंस्था, राजनीतिकदल, जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट मात्र संभव हुने भएकोले जिल्ला प्रशासन कार्यालय, गुल्मी बाट जारी निषेधाज्ञालाई कडाईका साथ कार्यान्वयन गर्नु गराउनुहुन समेत अनुरोध छ ।

.....................

मधुकृष्ण पन्त

मधुकृष्ण पन्त
अध्यक्ष

फोन नं.-९८५७०६७९०८ | ईमेल-info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np